# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
# बौद्ध, काठमाण्डौंको
## २२औं वार्षिक साधारण सभाको निर्णय

**१ २२औं बार्षिक साधारण सभा :**

श्री तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको मिति २०७६।०२।२४ मा नेपाल पज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौंमा सञ्चालक समितिका अध्यक्ष श्री राधेश्याम सराफज्यूको सभापतित्वमा दिनको ११:०० बजे शुरु भई दिउसो १:०० बजे समापन भएको २२औं वार्षिक साधारण सभामा भएका छलफल तथा निर्णयहरु देहाय बमोजिम छन् ।

**२ उपस्थिति :**

**(अ) सञ्चालकहरुको उपस्थिति**

| | |
|---|---|
| श्री राधेश्याम सराफ | अध्यक्ष |
| श्री अरुण कुमार सराफ | प्रवन्ध सञ्चालक |
| श्री सुरेश लाल श्रेष्ठ | कार्यकारी सञ्चालक |
| श्री राजेश लाल श्रेष्ठ | सञ्चालक |
| श्री वरुण सराफ | सञ्चालक |
| श्रीमति दिजा श्रेष्ठ | सञ्चालक |
| श्री इन्द्र प्रसाद राजभण्डारी | स्वतन्त्र सञ्चालक |
| श्री श्रीबत्स शम्सेर राणा | स्वतन्त्र सञ्चालक |

**(आ) व्यवस्थापन समूह :**

| | |
|---|---|
| श्री रमण कुमार कर्ण | कम्पनी सचिव |
| श्रीमति रानी बंग | प्रमुख वित्त अधिकृत |
| श्री गोविन्द राम परियार | जन-सम्पर्क निर्देशक |
| श्री बिनोद कुमार दास | वित्त अधिकृत |
| श्री रबिन्द्र कंडेल | शेयर म्यानेजर |
| श्री गोविन्द गडतौला | एकाउण्टस् एक्जुकेटिभ |

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

**(इ) पर्यवेक्षक तथा प्रतिनिधिको उपस्थिति :**

| | |
|---|---|
| श्री मनोज प्रसाद राजभण्डारी | आइसिटिसी प्रा. लि. |
| श्री लबेन्द्र सिंह मल्ल | याक एण्ड यति होटल लि. |
| श्री अरुण कुमार सराफ | डोमिनियन इन्भेस्टमेन्ट्स लि. हङकङ |
| श्री मनोज प्रसाद राजभण्डारी | आइसिटिसी होल्डिङ्ग प्रा लि |
| श्री वरुण सराफ | डोमिनियन इन्भेस्टमेन्ट्स लि. वि.भि.आई. |
| श्री सुरेश चापागाई | एभरेष्ट बैंक लिमिटेड |
| श्री अच्युत उपाध्याय | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड |
| श्री सचित कृष्ण जोशी | सुन्दर एण्ड कम्पनी (लेखापरिक्षक) |
| श्री अरुण कुमार सराफ | हायात इन्टरनेसनल कर्पोरेशन |

**(ई) शेयरधनीहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १ | उपस्थिति शेयरधनीहरुको संख्या | **३५२ जना** |
| | (क) शेयरधनी स्वयंबाट | **३४४ जना** |
| | (ख) प्रतिनिधि (प्रोक्सी) बाट | **८ जना** |
| २ | शेयरधनीहरुको उपस्थिति प्रतिशत | **१.०४ प्रतिशत** |
| ३ | शेयरको प्रतिनिधित्व संख्या | **१,३४,१३,६७४ कित्ता** |
| ४ | शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | **७१.१० प्रतिशत** |

**(उ)** यस सभाको मिति २०७६।०२।२४ सम्ममा सहभागी हुन पाउने शेयरधनीहरुको कुल संख्या ३३,७५६ मध्ये उपस्थिति शेयरधनीहरु सबैजना सभामा सहभागी हुन योग्य थिए ।

**३ छलफलका विषयहरुको सूची :**

**क) सामान्य प्रस्ताव**

**१)** आर्थिक वर्ष २०७४।०७५ (२०१७।०१८) को सञ्चालक समितिको २२औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**२)** लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरिक्षण गरिएको आर्थिक वर्ष २०७४।०७५ (२०१७।०१८) को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणहरु स्वीकृत गर्ने ।



सोल्टी होटल लि. काठमाडौं नेपाल

३) समूह “ख” र स्वतन्त्र तर्फ प्रतिनिधित्व गर्नु हुने सञ्चालकहरुको नियुक्ति अनुमोदन गरी आगामी चार वर्षको लागि पून: नियुक्त गर्ने ।

४) कम्पनीको लेखापरिक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७५।०७६ (२०१८।०१९) को लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । वर्तमान लेखापक्षिक श्री सुन्दर एण्ड कम्पनीका श्री सुन्दरमान श्रेष्ठ पुन:नियुक्त हुन सक्नु हुनेछ ।

५) कम्पनीको मिति २०७५।०९।२४ तदनुसार ०८ जनवरी २०१९ को सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई १२.६३१ प्रतिशत (कर समेत) नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**ख) विविध**

**४ सभाको सूचना प्रकाशन :**

(क) साधारण सभा हुने मिति, समय, स्थान, वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरू खुलाई मिति २०७६ जेष्ठ ०३ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका र मिति २०७६ जेष्ठ ०५ गते अन्नपूर्ण पोष्ट दैनिक पत्रिका गरि जम्मा २ पटक सूचना प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

(ख) सञ्चालक समितिको वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव सहितको पुस्तिका शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनीको website www.taragaon.com मा राखिएको र इमेल मार्फत पठाईएको थियो ।

**५ गणपुरक संख्या :**

| **विवरण** | **कुल संख्या** | **स्वयं उपस्थिति** | **प्रतिनिधि** | **जम्मा** | **प्रतिनिधित्व प्रतिशत** |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ३३,७५६ | ३४४ | ८ | ३५२ | १.०४% |
| कम्पनीको शेयर संख्या | १,८८,६६,५४० | २९,४४,६८० | १,०४,६८,९९४ | १,३४,१३,६७४ | ७१.१०% |

**६ सभाको वैधानिकता तथा सभापतित्व :**

(क) साधारण सभा शुरू हुनु भन्दा अघि सभा सञ्चालकले उपस्थित शेयरधनी महानुभावहरूलाई कम्पनीको तर्फबाट स्वागत गर्नुका साथै कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम कम्पनीको २२औं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको

जानकारी सभालाई गराउनु भयो । तत्पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३(२) अनुसार गणपुरक संख्या पुगेकोले सभाको कारवाही अगाडी बढाइयो ।

(ख) कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्ष श्री राधेश्याम सराफज्यूले गर्नु भयो ।

**७ सभा संचालन तथा प्रतिवेदन प्रस्तुती :**

सभा संचालकज्यूले सर्वप्रथम सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सभाको कार्यवाहीलाई अगाडि बढाउने क्रममा सञ्चालक समितिको तर्फबाट कम्पनीको आर्थिक बर्ष २०७४/०७५ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन संक्षिप्त रुपमा सभामा पढेर सुनाउनु भयो । तत्पश्चात् सभा सञ्चालकज्यूले सभा समक्ष सञ्चालक समितिको प्रतिवेदन सहितको कम्पनीको आ.व.२०७४।०७५ को लेखापरिक्षकको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफलका लागि भाग लिन तथा यस कम्पनीको कारोवार सम्बन्धी विविध पक्षहरुमा आफ्नो विचार मन्तव्य, जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नका लागि शेयरधनीहरुलाई सामूहिक रुपमा अनुरोध गर्नु भयो ।

**८ छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :**

छलफलका क्रममा देहायका शेयरधनी महानुभावहरुले यस कम्पनीको काम कारवाही, वार्षिक हरहिसाब तथा वार्षिक प्रतिवेदनबाट उठेका विभिन्न विषयहरुको सम्बन्धमा आफ्नो राय तथा जिज्ञासाहरु व्यक्त गर्नु भयो ।

- श्री अमृत नाथ रेग्मीज्यू
- श्री अशोक उप्रेतीज्यू
- श्री कुबेर श्रेष्ठज्यू
- श्री डा. माधव कुमार श्रेष्ठज्यू
- श्री शिव पौडेलज्यू
- श्री उद्धव घिमिरेज्यू
- श्री गुण राज भट्ट
- श्री शत्रुधन श्रेष्ठज्यू
- श्री दिनेश हुमागाँईज्यू
- श्री नरसिँह लाल चंखुज्यू
- श्री उमेश रेग्मीज्यू

सोल्टी रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

**९ शेयरधनीहरुको जिज्ञासा, प्रश्न, मन्तव्य तथा सुझाव र प्रबन्ध सञ्चालक श्री अरुण कुमार सराफज्यूले दिनुभएको प्रत्युत्तरको मुख्य मुख्य अंशहरु :**

**(क) शेयरधनीहरुको जिज्ञासा, प्रश्न, मन्तव्य तथा सुझाव**

- नेपालको संस्कृती झल्काउने गरी यस होटलको निमार्ण भएको थियो र त्यसै अनुरुप यस होटलको विकास गर्नु पर्दछ र यसमा नेपाल सरकारले सहयोग गर्नु पर्दछ ।
- भरखरै नेपाल सरकारले विदेशी लगानी सम्मेलन गऱ्यो । र लगानीकर्ताले लगानी गर्नुभन्दा पहिले पुरानो लगानीकर्ताको अनुभवको बारेमा विचार गर्दछ पुरानो लगानीकर्ताले लगानी बाट प्राप्त प्रतिफल सहज रुपमा लान पाउछ कि पाउदैन जस्ता कुराहरु विचार गर्दछ त्यस कारण नेपाल सरकारले विदेशी लगानी मैत्रि वातावरण को निमार्ण गर्नु पर्दछ ।
- हायात ईन्टरनेशनल ले अन्तराष्ट्रिय रुपमा अपनाएको कोठा भाडा दर यहा पनि अपनाउनु पर्ने सुझाव दिन चाहन्छु ।
- यस होटलको शेयरधनी महानुभवहरुको लगानी सुरक्षित गर्नको लागि नेपाल सरकार संग अपेक्षा रखि साथै दबाब दिने बेला आएको छ ।
- नेपाल सरकार लगायत विदेशी बैकहरुको लगानी रहेको भन्दै शेयरधनीहरुले यस कम्पनीमा लगानी गऱ्यो तर आज आएर यस कम्पनीको २२ वर्ष अगाडी भएको काम कारवही नै अवैधानीक थियो भनेर नजिर नेपाल सरकारले स्थापना गर्न खोजिरहेको छ । यसरी यस कम्पनीको बैधानिकतामा प्रश्न चिन्ह खडा गरी शेयरधनीहरुको लगानी धरापमा परिदैछ । नेपल सरकारले सम्पत्तिको हकको ग्यारेन्टि गर्नु पर्दछ र साथै यस कम्पनी माथि अचानक आई परेको समस्यालाई सामना गर्नको लागि व्यवस्थापक अगाडि बढ्नु पर्छ शेयरधनीहरुले पनि कम्पनीलाई साथ दिनु पर्दछ ।
- तारागाउँ विकास समिति एउटा संस्थापक शेयरधनी भएतापनि अरु शेयरधनी सरह नै हुन । अन्य माईनोरिटि (Minority) शेयरधनीहरुको अधिकारको सुनिश्चितता हुनु पर्दछ ।
- यस वर्ष पनि १२.६३ प्रतिशत लाभांश दिएकोमा शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिलाई धन्यवाद दिन चाहन्छु र आगमी वर्षहरुमा पनि निरन्तर रुपमा लाभांश दिन अनुरोध गर्दछु ।
- होटलले यस आर्थिक वर्षमा रु २८ करोड नाफा गरेको र अगामी वर्ष नाफालाई अझै बढाउनु पर्दछ ।
- पर्यटन व्यवसाय मध्ये सबै भन्दा बढि कर दाखिला गरेको सम्मान पत्र पाएको मा सञ्चालक समिति र कर्मचारीहरुलाई मुरी मुरी धन्यवाद दिन चाहन्छौ ।
- होटल को अकुपेन्शी दर र औसत कोठा भाडा दर राम्रो रहेको छ ।

- कम्पनीको सामाजिक उत्तरदायित्व अर्न्तगत गरेको कामको सरहाना गर्दछौ र साथ साथै दुर्गम क्षेत्रमा रहेको जेहन्दार विद्यार्थी र विरामीहरुलाइ पनि सहयोग गर्न सुझाव दिन चाहन्छु ।
- शेयरधनीहरु मध्ये केहि शेयरधनीहरुको एउटा समिति बानाई हाल रहेको जग्गा सम्बन्धि विवादको बारेमा बिद्धमान रहेको कानून र यस कम्पनी र तारागाउँ विकास समिति बिच भएको सम्झौताहरुको अध्ययन गरी सन्चालक समितिलाई कम्पनी र शेयरधनीहरुको हक सुनिश्चित गर्नको लागि सुझाव दिनु पर्दछ ।
- आगामी वर्षमा क्याफे, लाउन्ज र केहि कोठाहरुको Refurbishment गर्ने योजाना अन्तर्गत रु. ६० करोड खर्च हुने अनुमान गरिएको छ भने आगामी वर्षमा शेयरधनीहरुलाई लाभांश कसरी प्रदा गर्नुहुन्छ भनि प्रस्टाऱ्ई दिनु पऱ्यो ।
- यस होटलको पाँच तारे प्रमाण पत्र र विदेशी विनिमय सम्बन्धि स्विकृती चाडै नविकरण हुनु पर्दछ । किन भने यसले होटलको छविमा असर पुऱ्याउन सक्दछ ।
- पुरानो अग्राधिकार शेयर बापतको असुरक्षित ऋण भुक्तानी गरि रु. ४.९ करोडमा झारेको हुनाले हामी शेयरधनी ज्यादै नै खुशि भएको छौ ।
- शेयरधनीहरुले वार्षिक साधारण सभाको माईन्युट प्राप्त गर्ने व्यवस्था मिलाउनु पऱ्यो ।
- २०२० लाई पर्यटन वर्षको रुपमा मानाउने नेपाल सरकारको लक्ष्य रहेको छ यस अवसरको सदुपयोग गरि यस होटलले बढि भन्दा बढि पर्यटक भित्राएर आम्दानी बढाई आगामी वर्षमा बढि भन्दा बढि लाभांश दिनको लागि अनुरोध गर्दछौ ।
- तारागाउँ रिजेन्सी होटल्सको शाखाहरु उपत्यका बाहिर पनि विस्तार गर्न तर्फ विचार गर्न सुझाव दिन चाहन्छु ।
- शंकासपद आसामी अन्तर्गत रु. ८.६४ कारोड रहेको छ यसको बारेमा यस सभामा प्रष्ट परिदिनुहुन अनुरोध छ ।
- युनेस्कोले बौद्धलाई विश्व सम्पदामा राखेको छ तर होटल लगायत बौद्ध सम्म पुग्नको लागि बाटो ज्यादैनै खराब रहेको हुनाले पर्यटकहरु लाई बौद्ध सम्म पुग्नको लागि समस्या पर्दछ तसर्थ नेपाल सरकार, पर्यटन मन्त्रालय लगायत सम्बन्धित निकाय संग कुरा गरि चाडो भन्दा चाडो बाटो निमार्ण गर्न पहल गर्नुपर्ने हाम्रो सुझाव रहेको छ ।
- तारागाउं विकास समितिको प्रतिनिधि यो साधारण सभामा उपस्थित देखिएन आगामी साधारण सभाहरुमा निजको प्रतिनिधिलाइ उपस्थित गराउनुहुन हाम्रो सुझाव रहेको छ ।
- आगामी वर्षको साधारण सभा समयमा नै गर्नुहुन अनुरोध छ ।
- १४८ रोपनी जग्गा पट्टामा रहेको छ । १५० रोपनी जग्गा कम्पनीको नाममा रहेको छ त्यस जग्गाको बारेमा नानाथरीको कुरा सुनिन्छ  यस बारेमा सभामा प्रस्ट परिदिनु पऱ्यो ।

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

- ➢ तारागाउं विकास समितिले नलिएको हकप्रद शेयर कसरी हुन्छ वहाहरुलाई लिनको लागि प्रोत्साहित गर्नु पर्दछ ।
- ➢ यस कम्पनीको पूंजि संरचनामा ५४ प्रतिशत शेयर बैंक तथा वित्तिय संस्था र अन्य समुहको रहेको छ जसमा सराफ र श्रेष्ठ समुहको पनि शेयर रहेको छ भन्ने कुरा आएको हुनाले यस सभामा प्रस्ट पारिदिनु पऱ्यो ।
- ➢ त्रैमाशिक प्रतिवेदन प्रकाशित गर्दा खेरी कर अघिको नाफा देखाउनु हुन्छ आगामी त्रैमाशिक हरुमा करको पनि गणना गरि कर पछिको नाफा देखाई दिनुहुनको लागि अनुरोध छ ।

**(ख) प्रबन्ध सञ्चालक श्री अरुण कुमार सराफज्यूले दिनु भएको प्रति उत्तरको मुख्य मुख्य अंशहरु:**

- शेयरधनी महानुभावहरु यस कम्पनीको २२औं वार्षिक साधारण सभामा उपस्थित भई आफ्मा मन्तब्य, जिज्ञासा र सुझावहरु राखी दिएकोमा धन्यवाद दिन चाहन्छु । साथै ति सल्लाह सुझावहरु माथि व्यवस्थापनले विचार गरि भविष्यमा कार्यानवयन गरिनेछ ।
- कम्पनीले यस आर्थिक वर्षमा रु. २८.१० करोड आर्जन गरेको छ र रु. २३.९३ करोड लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ जुन कर पछिको नाफाको ८५ प्रतिशत हुन आउछ । बैंक तथा वित्तिय संस्था बाहेक अरु कुनै पनि कम्पनीले हामी जति लाभांश नबाड्को कुरा अवगत गराउदछौं साथै आगामी अवधिमा बढि भन्दा बढि लाभांश वितरण गर्ने मनसाय सञ्चालक समितिको रहेको छ। आगामी आर्थिक वर्षमा Refurbishment को लागि रु. ६० करोड खर्च हुने अनुमान रहेको कारणले आगामी वर्षमा लाभांश कम हुने हो की भन्ने शेयरधनी महानुभावहरुको शंकाको बारेमा भन्नु पर्दा अहिलेनै हामी यति  प्रतिशत दिन्छौं भने भन्न नसके पनि यति आश्वासन दिन चाहन्छु कि आगामी अवधिको लाभांशको लागि यो सञ्चालक समिति सकारात्मक रहेको छ ।
- तारागाउं विकास समितिको बारेमा उठेको जिज्ञासाका बारेमा भन्नु पर्दा तारागाउं विकास समिति यस कम्पनीको एउटा महत्वपूर्ण संस्थापक शेयरधनी हो र हामी यो कुरा आदर पुर्वक जाहिर पनि गर्न चाहन्छौं । तर वहाहरु पनि अरु शेयरधनी सरहनै आफुलाई बुझ्नु पर्दछ । शुरुमा वहाहरुको तर्फ बाट ३ जना प्रतिनिधि सञ्चालक समितिको सदस्य हुनु हुन्थ्यो । पछि हकप्रद शेयर नलिएको कारण लगायत बैंक तथा वित्तिय संस्थाहरुको ऋण र अग्राधिकार शेयर लाई साधारण शेयरमा परिणत भएको कारणले तारागाउं विकास समिति लगायत अरु सस्थापक शेयरधनीहरुको पुरानो शेयर संख्या कायम रहेता पनि पुरानो शेयर प्रतिशत घट्न गएको कुरा जानकारी गराउन चाहन्छौं । जसको कारणले नयां कम्पनी ऐन आए पश्चात सञ्चालक समितिमा विभिन्न समुहको प्रतिनिधिलाई पून: समायोजन गर्दा तारागाउं विकास समितिको १ जना प्रतिनिधि सञ्चालक समितिमा कायम हुन गयो । जुन ५ वर्ष पहिलाको वार्षिक साधारण सभा बाट पारित गरिएको थियो ।



तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

वहांहरु पनि अरु सस्थापक शेयरधनी जस्तै भएको हुनाले नयां कम्पनी ऐनमा भएको शंशोधन अनुसार कायम रहेको शेयर प्रतिशतको आधारमा नै सञ्चालक समितिमा प्रतिनिधित्व हुने कुरालाई आत्मसाथ गर्नु पर्दछ । तारागाउं विकास समितिकाले सञ्चालक समितिको पूनः समायोजन अनुसारले कायम भएको १ जना प्रतिनिधि २ वर्ष सम्म सञ्चालक समितिमा प्रतिनिधित्व गर्नु भयो । र पछि आएर वहाहरु विगत ३ वर्ष देखि हाम्रो बारम्बारको प्रयासको बबजुद सञ्चालक समितिमा आफ्नो प्रतिनिधि मनोनयन गरेर पठाएको छैन । तारागाउं विकास समिति संग सोहार्दपुर्ण सम्बन्ध बनाई यस कम्पनीको प्रगति गर्नको लागि पहिले देखिनैं हामी प्रयासरत रहदा रहदै पनि विभिन्न प्रकारको गलत आक्षेप लगाएकोमा हामी र्ममाहत भएको छौ । तर पनि भविश्यमा हाम्रो प्रयास अझ तिब्र बनाई वहांहरुलाई सञ्चालक समितिमा ल्याउनको लागि हामी प्रयत्नरत रहने कुरा विश्वास दिलाउन चाहन्छौ ।

- यस कम्पनीको नाममा रहेको जग्गा सम्बन्धि विवादको बारेमा उठेको जिज्ञासा बारे भन्नु पर्दा उक्त जग्गा तारागाउं विकास समितिले यस कम्पनीमा गरेको लगानी स्वरुप कम्पनीको नाममा नामसारी गरि शेयर प्राप्त गरेको छ । जुन हाल पनि कायम रहेको कुरा जानकारी गराउन चाहन्छौं । कम्पनी स्थापना कालमा १५० रोपनी जग्गा प्रति रोपनी रु. दश लाख मुल्याङ्कन गरि रु १५ करोडको शेयर बापत कम्पनीको नाममा नामसारी गरिएको थियो । जुन सम्पत्तिको रुपमा कम्पनीको वासलातमा देखाईएको छ । हाल आएर जग्गाको मुल्य बढेको हुनाले ३० वर्ष अघि रु. १० लाख प्रति रोपनीको दरले कम्पनीको नाममा नामसारी गरेको कुरा नमिलेको हालको मुल्यमा जग्गाको मुल्याङ्कन गरि तारागाउं विकास समितिको शेयर बढाउने जस्त तर्कहिन कुरा उठाउनु कानूनी र व्यहाबारीक रुपमा औचित्यहिन रहेको छ । एक पल्ट कम्पनीको नाममा नामसारी भैसकेको जग्गा कम्पनीको सम्पत्तिको रुपमा रहन जान्छ । यस्ता कानूनी रुपमा औचित्यहिन कुरामा विश्वास नगर्नको लागि शेयरधनी महानुभावहरुको जानकारी हेतु यस कम्पनीले जग्गा सम्बन्धि विवाद बारे सत्य तथ्य कुरा नेपालका प्रमुख दैनिक पत्र पत्रिकामा बारम्बार प्रकाशित गरेको कुरा जानकारी गराउन चाहन्छौ ।

## १० छलफल तथा निणयहरु :

**प्रस्ताव नं. १ :**

अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७४।०७५ को वार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मतबाट पारित भयो ।

**प्रस्ताव नं. २ :**

लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७४।०७५ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने प्रस्ताव सभामा प्रस्तुत भए पछि उपस्थित शेयरधनी महानुभावहरुले उक्त प्रस्ताव सर्वसम्मतबाट पारित भयो ।



तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

**प्रस्ताव नं. ३ :**

समूह "ख" र स्वतन्त्र तर्फ प्रतिनिधित्व गर्नु हुने सञ्चालकहरुको नियुक्ति अनुमोदन गरी आगामी चार वर्षको लागि पून: नियुक्त गर्ने प्रस्तावमा समुह "ख" तर्फका श्री राधेश्याम सराफज्यू, श्री अरुण कुमार सराफज्यू र श्री सुरेश लाल श्रेष्ठज्यू र स्वतन्त्र तर्फका श्री ईन्द्र प्रसाद राजभण्डारीज्यू र श्री श्रीबत्स सम्शेर राणाज्यूहरु लाई ४ वर्षको लागि सञ्चालकमा पून: नियूक्त गरियो

**प्रस्ताव नं. ४ :**

आ.व. २०७५।०७६ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव उपर लेखापरिक्षण समितिको प्रस्ताव अनुसार हालका लेखापरिक्षक सुन्दर एण्ड कम्पनीका श्री सुन्दर मान श्रेष्ठज्यू पून: नियूक्त हुन योग्य भएकोले वहांलाई रु.२,००,०००।- पारिश्रमिक दिने गरि आ.व.२०७५।०७६ को लागि लेखापरिक्षकमा नियुक्त गर्ने प्रस्ताव पारित गरियो ।

**प्रस्ताव नं. ५ :**

नगद लाभांश वितरण गर्ने प्रस्ताव सम्बन्धमा इक्विटी शेयरधनीहरुलाई १२.६३१ प्रतिशत नगद लाभांश (कर समेत) वितरण गर्न सर्वसम्मतिबाट पारित भयो ।

११ **विविध :**

विविध प्रस्ताव अन्तर्गत अन्य कुनै प्रस्तावहरु नभएको व्यहोरा सभा सञ्चालकले सभामा जानकारी गराउनु भयो ।

१२ **<u>धन्यवाद ज्ञापन</u> :**

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले सभा सञ्चालकले सभाका अध्यक्ष श्री राधेश्याम सराफज्यूलाई सभाको समापन गरिदिनु हुन अनुरोध गर्नुभयो र सभा अध्यक्ष श्री राधेश्याम सराफज्यूका आज्ञाले श्री अरुण कुमार सराफज्यूले विभिन्न नियमनकारी निकायहरु कम्पनी रजिष्ट्रारको कार्यालय र नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड लगायत समस्त ग्राहक महानुभावहरु, शुभचिन्तकहरु, वित्तीय श्रोत उपलब्ध गराउने विभिन्न बैंक तथा वित्तीय संस्थाहरु,व्यवस्थापन पक्ष, सञ्चार जगत तथा कम्पनीका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्दै २२औं बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

**रमण कुमार कर्ण**
कम्पनी सचिव

**श्री राधेश्याम सराफ**
सभाका अध्यक्ष